म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- ७१ २०८१ माघ १५ गते मंगलबार 28 January 2025, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## हेटौंडाका विकासको भारतको चेन्नईमा मृत्यु

हेटौंडा : भारतको चेन्नईमा दुर्घटनामा परी हेटौंडा-३, सिमलथलीका २२ वर्षीय विकास पौडेलको मृत्यु भएको छ । गत दशैंपछि रोजगारीका लागि चेन्नई पुगेका विकास एक महिनाअघि दुर्घटनामा परी गम्भीर घाइते भएका थिए ।

विकासको उपचारको क्रममा शनिबार मृत्यु भएको विकासका छिमेकी प्रदीप कालाखेतीले जानकारी दिनुभयो । चेन्नई पुगेर विकासको शव उनका दाइले सोमबार साँझ हेटौंडा ल्याएर अन्तिम संस्कार गरिएको छ । क्रेन चलाउने कामका लागि चेन्नई गएको भन्ने बुझिएको छिमेकी प्रदीप कालाखेतीले जानकारी दिनुभयो ।

### बागमतीमा शिक्षा विधेयकको छलफल

# 'प्रदेशलाई बेवास्ता गरियो'

समाज संवाददाता

हेटौंडाः संघीय संसदमा विचाराधीन रहेको शिक्षा विधेयकमा संघीय संरचनालाई प्रभावकारी रुपमा समावेश नगरिएको सरोकारवालाले बताएका छन् । शिक्षा विधेयक माथिको छलफलमा बागतमी प्रदेशसभाका सदस्य तथा कर्मचारीहरुले संघीयताको प्रभावकारी अभ्यासको व्यवस्था गर्न नसकेको बताएका हुन् ।

सोमबार हेटौंडामा संघीय संसद अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आयोजनामा भएको शिक्षा विधेयक सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रियामा बोल्दै प्रदेश सभा सदस्यहरुले विधेयकले प्रदेश सरकार चिन्न सक्ने अवस्था नरहेको बताएका छन् । उनीहरुले विद्यालय शिक्षाको हकमा प्रदेश सरकारलाई अध्ययन, अनुसन्धान तथा नियमनकारी भूमिका र लगानीको व्यवस्था समेत दिन जरुरी रहेको उनीहरुले औंल्याए ।

कार्यक्रममा बोल्नुहुँदै प्रदेशसभा सदस्य सुस्पा भुजेलले शिक्षाको अधिकारहरु प्रदेशलाई प्रदत्त गर्ने व्यवस्था ऐनमा हुनुपर्ने बताउनुभयो । उहाँले आवासीय ढाँचामा विद्यालय शिक्षाको विकास गरिनुपर्ने भएकाले ऐनलाई सोही बमोजिम निर्देशित गरिनु पर्ने बताउनुभयो । शिक्षाका संरचनाहरुलाई ऐनमा नै व्यवस्था गरेर काम गर्नुपर्ने उहाँको सुझाव थियो । दक्ष शिक्षक निर्माण तथा शिक्षाको गुणस्तर विकास गर्न लगानीलाई बढाउनुपर्ने भुजेलले बताउनुभयो । बन्दै गरेको शिक्षा ऐनले शिक्षकको मात्र नभई अभिभावकहरुको भूमिकालाई पनि समेट्नु पर्ने उहाँको धारणा थियो ।

प्रदेश सभा सदस्य गोविन्द लम्सालले शिक्षालाई उत्पादनसँग जोड्दै अघि बढ्न जरुरी रहेको औंल्याउनुभयो । प्रदेश सरकारको अधिकार क्षेत्र निर्धारण गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्दै सीपयुक्त जनशक्ति निर्माणमा अघि बढ्नु पर्ने उहाँको भनाई छ । प्रदेश सभा सदस्य रमा आले मगरले विद्यार्थीलाई नैतिकवान बनाउन नैतिक शिक्षा अपरिहार्य रहेको बताउनुभयो । विद्यार्थीलाई पढ्दै कमाउँदै जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उहाँको भनाई छ । उहाँका अनुसार प्रदेश सरकारलाई उपेक्षा गरेर विद्यालय शिक्षाको गुणस्तर कायम गर्न सकिँदैन । प्रदेशलाई प्रभावकारी रुपमा शिक्षाको अध्ययन, अनुगमन तथा मूल्यांकनको जिम्मेवारी दिएर अघि बढ्नु पर्ने उहाँले सुझाव दिनुभयो ।

प्रदेश सभा सदस्य उर्मिला लामाले वर्तमान शिक्षा र परीक्षा प्रणाली खारेज गरिनु पर्ने बताउनुभयो । बेरोजगार जनशक्ति उत्पादन गर्ने काम शिक्षा प्रणालीले गरिरहेको उहाँको भनाइ थियो । शिक्षा प्रणालीका कारण विद्यार्थीहरुमा निराशा पैदा गर्ने काम भइरहेको उल्लेख गर्नुहुँदै शिक्षामा व्यवसायीकरण गर्दै नेता र मन्त्रीहरुको लगानी गर्ने प्रवृत्ति अन्त्य हुन जरुरी रहेको औंल्याउनुभयो । श्रम र रोजगारीसँग जोड्ने गरी प्राविधिक शिक्षा अहिलेको आवश्यकता रहेको लामाको भनाइ थियो ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेले विद्यालय शिक्षामा प्रदेशको भूमिका स्पष्ट हुनु जरुरी रहेको बताउनुभयो । तत्कालिन शिक्षा कार्यालय तथा शिक्षा समन्वय इकाईको अधिकार प्रदेशलाई प्रदान गरिनु पर्ने उहाँको भनाई छ । शिक्षण सिकाइको प्रणाली सुधार गरिनु पर्ने बताउनुहुँदै विषयगत प्रयोगशालाको निर्माण गरेर प्रयोगात्मक शिक्षाको विकास र सीपयुक्त जनशक्ति निर्माणमा अग्रसर हुनु पर्ने सचिव गैरेको धारणा राख्नुभयो । मापदण्ड निर्धारण गरी शिक्षक नियुक्ति, मुल्यांकन पद्दतिको विकास गरिनुपर्ने उल्लेख गर्नुहुँदै शिक्षकको मूल्यांकनका आधारमा सेवा सुविधाको व्यवस्था तथा दण्ड-सजायको व्यवस्था गरिनुपर्ने सचिव गैरेको भनाई थियो ।

सामाजिक विकास मन्त्रालयका अधिकृत रुद्ध शर्माले शिक्षाको सैद्धान्तिक धरातल र मूल्यांकन कायम गरिनु पर्ने बताउनुभयो । शिक्षाको गुणस्तर, मापदण्ड निर्धारण गरेर आश्यकताको आधारमा लगानी गरिनुपर्ने उहाँले स्पष्ट पार्नुभयो । परीक्षा व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा मूल्यांकन लगायतका क्षेत्र प्रदेशमा रहने गरी ऐन निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो ।

बागमती प्रदेशको शिक्षा विकास निर्देशनालयका महानिर्देशक खुविराम अधिकारीले शिक्षा विधेयकका कुनै पनि दफामा प्रदेश सरकारको भूमिका स्पष्ट हुन नसकेको बताउनुभयो । मातृभाषा शिक्षा तथा निःशुल्क शिक्षाको अधिकार प्रदेशमा रहेको भएपनि लगानी गर्ने अधिकार कानुनले दिन नसकेको उहाँले स्पष्ट पार्नुभयो । शिक्षा समन्वय संरचनालाई प्रदेशमा व्यवस्थापन गर्नुपर्ने बताउनुहुँदै ऐच्छिक विषयको पाठ्यक्रम निर्माण प्रदेश सरकारलाई उपलब्ध गर्नेगरी विधेयकमा व्यवस्था गरिनु पर्ने महानिर्देशक अधिकारीको धारणा थियो ।

### तईवानमा अन्तर्राष्ट्रिय विज्ञान प्रदर्शनी सम्पन्न

# हेटौंडाका बास्तोलासहित ३ जना सहभागी




*हेटौँडाका किशन बास्तोलासहित नेपालबाट सहभागी तीनजना ।*

समाज संवाददाता

हेटौंडाः ताईवान अन्तर्राष्ट्रिय विज्ञान प्रदर्शनी सम्मेलन समापन भएको छ । ताईवान शिक्षा मन्त्रालयको सुपरीवेक्षण र राष्ट्रिय ताईवान विज्ञान शिक्षा केन्द्रले माघ ६ गतेदेखि आयोजना गरेको सम्मेलन शनिबार समापन भएको हो । सम्मेलनमा हेटौंडास्थित एष्ट्रोनोभा फाउण्डेशनका अध्यक्ष किशन बास्तोला र २ जना विद्यार्थी सहभागी भएका छन् । एष्ट्रोनोभा फाउण्डेशन नवप्रवर्तनका लागि क्रियाशील संस्था हो । फाउण्डेशनमातहतको हेटौंडा अनुसन्धान तथा आविष्कार केन्द्रमार्फत नेपाली टोली ताइवान पुगेको हो ।

सम्मेलन र यसमा नेपालको सहभागिताको विषयलाई लिएर फाउण्डेशनले एक विज्ञप्ति नै जारी गरेर जानकारी गराएको छ । हरेक वर्ष जनवरीमा आयोजना हुने यो सम्मेलन ताईवानको सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय विज्ञान अनुसन्धान प्रतियोगिता हो । सम्मेलनमा विश्वभरका विद्यालयका राष्ट्रिय प्रतिस्पर्धाबाट चुनिएका उत्कृष्ट विद्यार्थीले आफ्ना अनुसन्धान परियोजनाहरु वा सोधपत्रहरु प्रस्तुत गर्छन् । एष्ट्रोनोभा फाउण्डेशनका अध्यक्ष किशन बास्तोलाको नेतृत्वमा विद्यार्थी शुभम् हमाल र सम्पन्न भण्डारी नेपालको प्रतिनिधित्व गर्दै सम्मेलनमा सहभागी भएका थिए ।

हमालले वर्ल्ड रोबोटिक्स च्याम्पियनसिप, आईआईटी मुम्बई विजेताका साथै विगत ६ वर्षदेखि रोबोटिक्स क्षेत्रमा रहँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी जनाउँदै आउनुभएको छ । भण्डारी गत वर्ष बेलायतमा सम्पन्न अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा नेपालको तर्फबाट प्रतिस्पर्धा गरेका, नेशनल गणित ओलम्पियाडमा तेस्रो श्रेणीमा पर्न सफल विद्यार्थी तथा आफ्नो विद्यालयको गणित क्लबका उपाध्यक्ष हुनुहुन्छ । हमाल र भण्डारी क्रमशः जेभियर एकेडेमी लाजिम्पाट र रातो बङ्गला विद्यालय ललितपुरमा कक्षा-१२ मा अध्ययनरत हुनुहुन्छ ।

भौगोलिक विकटता, साँधुरो पहाडी सडक, पहिरोको जोखिम र कमजोर सडक पूर्वाधारले गर्दा हुने सडक दुर्घटनामा हुने ढिलो सूचना प्रवाह र मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले परियोजना तयार पारेर सम्मेलनमा सहभागी भई प्रस्तुत गरिएको हेटौंडा अनुसन्धान तथा आविष्कार केन्द्रले जनाएको छ । परियोजनाले आपतकालीन अवस्थामा छिटो सूचना प्रवाह गरी समयमा उद्दार सुनिश्चित गर्न स्वचालित रुपमा मद्दत पुऱ्याउने बताइएको छ ।

सवारी साधन दुर्घटना भइसकेपछि सूचना प्रवाहमा ढिलाई हुने र नदीहरुमा बस खसेर बेपत्ता हुने समस्याले वर्षेनी धेरै जनधनको क्षति भइरहे पनि आजसम्म नेपालले समस्या समाधान गर्न नसकेको हेटौंडा अनुसन्धान तथा आविष्कार केन्द्रले उल्लेख गरेको छ । केही महिनाअघि त्रिशूलीमा भएको बस दुर्घटनामा उद्दारको क्रममा देखिएका चुनौती र त्यसले राज्यलाई पुऱ्याएको नोक्सानीले यस्तो समस्याको डिजिटल समाधानको आवश्यकता थप पुष्टि गरेको बताइएको छ । यो समस्या केवल नेपालमा मात्र नभई नेपालको जस्तै भौगोलिक संरचना भएका अन्य देशहरूका लागि पनि साझा चुनौती भएकाले यसको समाधानका लागि परियोजनाको कल्पना र प्रोटोटाइप विकास गरिएको बताइएको छ ।

सम्मेलनमा नेपालसहित अमेरिका, जापान, सिंगापुर, कोरियालगायत २९ देशका ६ सय ५८ जना शिक्षक र विद्यार्थीको सहभागिता रहेको थियो । ५९ अन्तर्राष्ट्रिय अनुसन्धानमा आधारित परियोजनासहित राष्ट्रिय, अन्तर्राष्ट्रिय २ सय ८० भन्दा बढी प्रतिस्पर्धीले गणित, इन्जिनियरिङ, भौतिकशास्त्र तथा खगोल विज्ञान, रसायनशास्त्र, माइक्रोबायोलोजी लगायतका १३ विधाका अनुसन्धानमा आधारित परियोजना प्रदर्शनी गरेको जनाइएको छ । नेपालबाट प्रदर्शनीका लागि लगिएको प्रोजेक्ट इन्जिनियरिङ विधा अन्तर्गत रहेको बताइएको छ ।

नेपाल सरकारको साथ र सहयोग प्राप्त भएमा हेटौंडा अनुसन्धान तथा आविष्कार केन्द्रले नेपालको तर्फबाट धेरै अन्य अन्तर्राष्ट्रिय विज्ञान प्रदर्शनी तथा प्रतियोगितामा युवा वैज्ञानिकहरूलाई पठाउन सक्ने र नेपालको नाम विश्व मञ्चमा उच्च बनाउन सक्ने सम्भावना रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । यस्तै, नेपाल सरकार र सरोकारवालाहरुलाई विज्ञान, प्रविधि र अनुसन्धानका यस्ता परियोजनाहरुमा आफ्नो ध्यानाकर्षण गर्न आग्रह गरिएको छ । विद्यालयस्तरका विद्यार्थीको क्षमता बढाउन सानै उमेर देखि रचनात्मक, सृजनशील एवम् वैज्ञानिक सोच, संस्कृतिको विकास गर्न सकेमात्र देश स्वावलम्बी र आत्मनिर्भर बन्न सक्ने जनाइएको छ । युवा प्रतिभाको प्रोत्साहन र समर्थनमार्फत् अनुसन्धान क्षेत्रमा नेपालको ख्याति बढाउन सरकारको सक्रिय भूमिका अत्यावश्यक रहेको विज्ञप्तिमा उल्लेख छ ।

# मकवानपुरका २२ हजार बढी छात्रालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाइँदै

समाज संवाददाता

हेटौंडा : मकवानपुरका करिब २२ हजार बढी छात्राहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप (एचपिभी) लगाइने भएको छ । जिल्लाका १० पालिकाभित्रका विभिन्न विद्यालयमा अध्ययनरत २२ हजार ७१३ जना छात्रालाई एचपिभी (ह्युमन प्यापिलोमा भाइरस) खोप लगाइने स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार देशव्यापी अभियानका रुपमा सञ्चालन हुने यो कार्यक्रम यही माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन हुनेछ । कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार जिल्लाका कक्षा ६ देखि कक्षा १० सम्मका १० देखि १४ वर्ष उमेर समुहका छात्रालाई लक्षित गर्दै खोप अभियान सञ्चालन गरिँदैछ । उहाँका अनुसार जिल्लाका २४० वटा विद्यालय र ११० वटा स्वास्थ्य संस्थाबाट खोप अभियान सञ्चालन गरिनेछ । उहाँले विद्यालय जाने ६ कक्षादेखि १० कक्षासम्मका २२ हजार ५९ जना छात्रालाई विद्यालयमै र विद्यालय नजाने करिब ६५४ जना किशोरीलाई खोप केन्द्रबाट खोप लगाइने तयारी गरिएको बताउनुभयो ।

स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारले खोप अभियानमा जिल्लामा ३६७ जना तालिम प्राप्त स्वास्थ्यकर्मी र ७३४ जना स्वयंसेवक परिचालन गरिने छ । उहाँले प्रत्येक खोप केन्द्रमा एक जना स्वास्थ्यकर्मी र २ जना स्वयंसेवक परिचालन गरिने बताउनुभयो । जिल्लाका सबै स्थानीय तहहरूसँग समन्वय गरी खोप अभियान प्रभावकारी बनाईने भन्दै कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरुलाई तालिम दिइसकेको र माघ २० गते भित्र सबै स्थानीय तहमा खोप पुग्ने समेत प्रमुख मिजारले बताउनुभयो ।

प्रमुख मिजारका अनुसार यो अभियानले ९० प्रतिशत किशोरीलाई खोप पुऱ्याउने लक्ष्य राखेको बताउनुभयो । महिलाको पाठेघरको क्यान्सर परीक्षण र उपचारसमेत सुनिश्चित गर्ने सरकारको योजना अनुसार यो अभियानले पाठेघरको मुखको क्यान्सरको जोखिम कम गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको उहाँले बताउनुभयो । खोप कार्यक्रममा लक्षित समूहका छात्राहरूलाई अनिवार्य रुपमा सहभागी गराउन समेत उहाँले आग्रह गर्नुभएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## फ्ल्याट भाडामा चाहियो ?

आवासीय प्रयोजनका लागि फ्ल्याट चाहिएको छ भने तुरुन्त सम्पर्क गर्नुहोला । हेटौंडा-५, भैरवरोड (भैरवमन्दिरबाट पूर्वतर्फ १०० मिटरभित्र) स्थित ३ तल्ले भवनको भुइँ तल्लाको फ्ल्याट एउटा लिभिङ रुम, २ वटा बेडरुम, किचेन र एट्याच बाथरुम भएको फ्ल्याट रहेकोले आवश्यक परिवारले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क
९८२०७१७२२४/९८४५६१८२८४




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# खेलकुदलाई प्राथमिकता

मुलुकको खेल क्षेत्र अझै उपेक्षित जस्तो भइरहेको छ । सरकारले खेलकुद क्षेत्रमा पर्याप्त बजेट व्यवस्था नगर्दा विभिन्न खेलकुद गतिविधि र खेलाडीको वृत्ति विकासमा समस्या भइरहेको हो । देशमा सबैजसो खेल खेलिने र सामान्य प्रकारका प्रतियोगिताहरु हुने गरेको भए पनि अधिकांश खेलाडीले खेलेरै जीवनयापन गर्ने अवस्था नहुँदा खेलाडी पलायनसमेत बढेको छ । खेलको अभ्यास तथा प्रतियोगिता सञ्चालन गर्ने उपयुक्त पूर्वाधार नहुनु र ठूलो पुरस्कार राशिका प्रतियोगिता नहुनुले खेल तथा खेलाडी प्रोत्साहित हुन सकेका छैनन् । क्रिकेट र फुटबलका केही खेलाडी खेल क्षेत्रबाटै हुने आम्दानीले जीवनयापन गर्नसक्ने अवस्था भए पनि अन्य खेलका राष्ट्रिय खेलाडीले समेत अन्यत्र रोजगारी खोज्नुपर्ने बाध्यता छ । संघ, प्रदेश तथा स्थानीय तीन तहको सरकारले केही खेलका सामान्य खालका प्रतियोगिता सञ्चालनका लागि सिमित बजेट दिनेबाहेक खेल क्षेत्रको विकासका लागि प्रभावकारी काम गर्न सकेको छैन ।

सरकारले हरेक दुई वर्षमा आयोजना गर्ने भनेको राष्ट्रिय खेलकुद प्रतियोगितासमेत उपेक्षामा पर्ने गरेको छ । खेलकुदका लागि आवश्यक पूर्वाधार, तयारी र बजेटको अभावमा तोकिएको समयमा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न कठिन भइरहेको छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा हुने भनिएको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता पनि पूर्वघोषित समयमा हुन सकेन । उक्त प्रतियोगितामा सहभागी हुने खेलाडी छनोट, प्रशिक्षण र अन्य व्यवस्थापनमा प्रदेश सरकारले पर्याप्त ध्यान पुऱ्याउन सकेको छैन । आगामी चैत २५ देखि ३० गतेसम्म हुने राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बजेट अभाव रहेको भन्दै बागमती प्रदेश खेलकुद विकास परिषद्ले युवा तथा खेलकुद मन्त्रालयमार्फत् थप बजेट माग गरेको थियो । राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि ३ करोड ७५ लाख बजेट पाएको मन्त्रालयले ७ करोड ५० लाख थप बजेट माग गरेपछि आर्थिक मामिला तथा योजना मन्त्रालयले ५ करोड रुपैयाँ बजेट थप गर्ने भएको छ ।

बागमती प्रदेशले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि अब ८ करोड ७५ लाख रुपैयाँ बजेट परिचालन गर्नसक्ने भएको छ । ३६ विधाका खेलाडी सहभागी गराउने योजनामा रहेको बागमती प्रदेशले अब प्रतियोगिताको तयारी अघि बढाउनेछ । प्रतियोगिताका लागि खेलाडी छनोट तथा प्रशिक्षण गर्न नसकेको प्रदेश सरकारले करिब दुई महिनाको अवधिमा कस्तो तयारी गर्ला ? चालु आर्थिक वर्षका लागि ७४ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको युवा तथा खेलकुद मन्त्रालयले दशौं राष्ट्रिय खेलकुदका लागि विनियोजन बजेटबाट केही खेलका खेलाडी छनोट गरेर प्रशिक्षण सुरु गरेको भए प्रतियोगिताको नतिजा पनि राम्रो आउँथ्यो होला । बजेट अभाव रहेको भन्दै भएको बजेटसमेत कार्यान्वयन नगर्दा अन्तिममा हतारहतार काम गरेर बजेट सक्ने मेलोमेसोले कस्तो उपलब्धि हासिल होला ?

गत वर्ष अन्तर प्रदेश खेलकुद प्रतियोगितामा ९ करोड रुपैयाँ बजेट व्यवस्था भएको भन्दै यस वर्ष राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि ८ करोड ७५ लाख बजेटले खेलाडी छनोट गर्नसमेत कठिन हुने खेलकुद मन्त्रीको भनाइ छ । खेलाडी छनोट, खेलाडीको आवास खर्च, खेलाडीको पारिश्रमिक तथा सेवा सुविधामा गर्नुपर्ने खर्च अपुग हुने मन्त्रीको दावी छ । सहभागिता जनाउनुपर्ने खेल तथा खेलाडीको संख्या तथा खेलाडीका लागि दिनुपर्ने सुविधाको हिसाबले बजेट अपर्याप्त भए पनि भएको बजेट समयमै उपयोग गरेर राम्रो नतिजा निकाल्न खेलकुद मन्त्रीको ध्यान जानु आवश्यक छ । अन्य प्रदेशको तुलनामा बागमतीले विगतदेखि नै खेल क्षेत्रलाई प्राथमिकता दिँदै आएको पाइन्छ । अहिलेको अवस्थामा प्रदेश सरकारसँग पर्याप्त बजेटका लागि आवश्यक पहल गर्दै खेल क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर समयमै योजना तथा कार्यक्रम सम्पन्न गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : घरायसी सुख र धन वैभव प्राप्त हुने समय छ । |
| वृष | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ । |
| मिथुन | : चुनौतिहरु चिर्दै काम बनाउन सकिने योग छ । |
| कर्कट | : गोपनियताका काममा समय व्यतित हुनेछ । |
| सिंह | : व्यापार–व्यवसायका लागि समय जुट्ला । |
| कन्या | : उदेश्य र आकाङ्क्षा पूर्ण हुने समय योग छ । |
| तुला | : धार्मिक प्रयोजनको काममा समय बित्ला । |
| वृश्चिक | : बिलासिताका वस्तुहरु खरिदमा समय बित्ला । |
| धनु | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| मकर | : खर्चालु समयको योग रहेको देखिन्छ । |
| कुम्भ | : अप्रत्याशित रुपमा धन लाभ प्राप्त होला । |
| मीन | : आत्मबल र हिम्मतले काममा पूर्णता प्राप्त । |

# हेटौँडा सिमेन्ट उद्योग बचाउन सकिन्छ

**देशकै शानको रुपमा रहेको हेटौँडा सिमेन्ट उद्योगको सञ्चालनमा राजनीतिक सोच भन्दा एक कदम माथि उठेर उद्योग सञ्चालन एवम् व्यवस्थापनमा राम्रो ज्ञान भएका, स्थानीय बजारको समेत ज्ञान भएकाहरुबाट उद्योग सञ्चालनको खाकासहित उद्योग सञ्चालनको जिम्मा दिने हो भने उद्योगले छोटो समयमा नै कायापलट गर्ने देखिन्छ ।**



**बिक्रम खतिवडा**





सरकारी पूर्ण स्वामित्वमा रहेको हेटौँडा सिमेन्ट उद्योग हाल चरम आर्थिक संकट झेल्दै लगभग बन्द हुने अवस्थामा पुगेको छ। के हो त आखिर देशकै नमुना उद्योग बन्द हुनुको कारण ? के सम्भावना सकिएकै हो त ? आज चर्चा गरौं। २०३३ सालमा स्थापना भई २०४३ सालबाट संचालनमा आएको उद्योगमा हाल स्थायी, दैनिक ज्यालादारी र सुरक्षाकर्मी समेत गरी दैनिक ३१८ जना कार्यरत छन् । दैनिक १५ हजार बोरा सिमेन्ट उत्पादनको क्षमता राख्ने उद्योग हाल मासिक १५ हजार बोरा सिमेन्ट उत्पादन गर्न समेत मुस्किल देखिन्छ ।

मकवानपुर जिल्ला भित्रैको नियमित मागलाई मात्रै हेर्ने हो भने पनि मासिक झण्डै ३ लाख बोरा भन्दा धेरै सिमेन्ट खपत मकवानपुर जिल्ला भित्रै रहँदै आएको छ। यस्तो अवस्थामा उद्योगको स्थानीय बजार हिस्सा ५ प्रतिशत समेत कायम राख्न नसक्दा पश्चिममा दाङदेखि पूर्व मिर्चैयासम्मका निजी उद्योगहरुले सहजै आफ्ना उत्पादन मकवानपुर जिल्ला भित्र उपलब्ध गराइराख्दा पूर्ण सरकारी स्वामित्वमा रहेको उद्योग आफ्ना कर्मचारीलाई तलब खुवाउने पैसा समेत छैन । करोडौं विद्युतको वक्यौता त छँदैछ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा ठूलो सम्भावना बोकेको सरकारी स्वामित्वमा रहेको सिमेन्ट उद्योग थला पर्नुमा जिम्मेवार को हुन सक्छ त ?

पर्याप्त श्रोत, साधन हुँदा हुँदै पनि उद्योगको यो हालत हुनुमा राजनैतिक भागबण्डामा रमाउने राजनैतिक नेतृत्वनै मुख्य दोषी हो भन्दा अन्यथा नहोला । उद्योगले व्यापार गर्ने हो । व्यापार गर्ने ठाउँमा आफ्ना कार्यकर्ताको भर्तिकेन्द बनाएका राजनैतिक नेतृत्वले कहिले बुझ्लान् ? उद्योग सञ्चालन गर्न उद्योग व्यापार बुझेको, समय अनुकुल रणनीति बनाउँदै उद्योग संचालन गर्ने व्यक्ति चाहिन्छ भनेर । यदि त्यसो हुने हो भने कुनै पनि हालतमा उद्योग घाटामा जाँदैन । देशकै ठूला सिमेन्ट उद्योगहरु सञ्चालानमा रहेको हेटौँडाबाट उत्पादन हुने सिमेन्टले देशभरकै सिमेन्टको मागलाई ठूलो योगदान पुऱ्याई प्रत्यक्ष तथा अप्रत्यक्ष हजारौंलाई रोजगारीसहित राजस्वमा समेत ठूलो योगदान पुऱ्याइरहेको घाम झैं छर्लङ्ग नै छ ।

सिमेन्टको बजारमा हेटौँडाको सिमेन्टको पहिचान निकै राम्रो रहेको पाईन्छ । यस्तो अवस्थामा देशकै पुरानो उद्योग आफ्नो अस्तित्वको लडाई लडिराखेको देख्दा उद्योगसँग प्रत्यक्ष-अप्रत्यक्ष सरोकार राख्ने स्थानीय राजनैतिक दल, बुद्धिजिवि, उद्योगी, व्यवसायी लगायत हामी सबैलाई लाज हुनु पर्ने हो। हेटौँडामै रहेका अन्य उद्योगले गुणस्तरीय चुनढुंगाका लागि अर्घाखाँचीदेखि धनकुटासम्म, नुवाकोटदेखि जोगीमारासम्म पुगेर उद्योगलाई आवश्यक कच्चा पदार्थ जोहो गर्दै गर्दा मुख्य कच्चा पदार्थको धनी हेटौँडा सिमेन्ट उद्योग जससँग उच्च गुणस्तरीय चुनढुंगा खानी छ । मझुवा, भैंसे, ओखरे लगायतका खानीहरु उद्योग परिसर लामसुरेबाट २० किलोमिटर भित्रै पर्छ। आफ्नै खानीबाट गुणस्तरीय चुनढुंगा उत्खनन् गरेर समेत सञ्चालन गर्न नसक्नुमा दोषी को हो ? समयले मूल्याङ्कन गर्ने नै छ ।

गुणस्तरीय चुनढुंगानै बिक्रि गर्ने हो भने पनि वार्षिक करोडौं घाटा बेहोर्दै आएको उद्योगले नवजीवन पाउने देखिन्छ । उद्योगले आफ्ना चुनढुंगा उत्खनन् गरी किलिंकर बनाई बिक्रि गर्ने हो भने पनि प्रचुर सम्भावना देखिन्छ । यति धेरै सम्भावना हुँदा हुँदै किन त यस किसिमको संकट ? उद्योग सञ्चालनमा नीति बाधक हो भने किन त्यसतर्फ ध्यान दिईएन ? सधैं सत्तामा रहने दल सम्वद्ध व्यक्ति नै सञ्चालक समितिको अध्यक्ष भइरहँदा नीतिगत अप्ठेराहरु फुकाउन केहि पहल भए कि भएन ? उद्योग सञ्चालक समितिका अध्यक्षको तर्फबाट यदि पहल हुँदा हुँदै पनि सम्वद्ध दलबाट किन रोकियो जनतासामु छर्लङ्ग पार्नुपर्नेमा खै कता हराउनु भयो ? यदि नीति, नियमनै बाधक हो भने पनि समयसापेक्ष नीति, नियम बनाउँदै उद्योगमा भइरहेको राजनीतिक हस्तक्षेप बन्द गरी उद्योगलाई नवजीवन दिन सकिने अवस्थामा पनि उद्योग बन्द हुनु आफैंमा दुखको कुरा हो ।

अझै पनि उचित निर्णय गरी उद्योग सञ्चालन गर्नै नसक्ने हो भने आउने पिढीले उद्योगसँग प्रत्यक्ष-अप्रत्यक्ष सरोकार राख्नेहरुलाई सराप्ने छन् ख्याल गरौं । हेटौँडा सिमेन्ट उद्योगले कहिलै बजारको अभाव झेल्नु परेन । देशैभरबाट नगदमा हुने उच्च माग पूरा गर्न नसकेर उद्योग बन्द हुनु भनेको पक्कै राम्रो होइन । उच्च गुणस्तरको कच्चा पदार्थ समेत आफ्नै हुँदा पनि निरन्तर घाटामा जानु, कामदार कर्मचारीको तलब समेत भुक्तान गर्नै हम्मेहम्मे पर्नु, विद्युत महसुल भुक्तान गर्नै नसक्नु जस्ता कुराले गम्भीर प्रश्नचिन्ह खडा गरेको छ । त्यसैले देशकै शानको रुपमा रहेको हेटौँडा सिमेन्ट उद्योगको सञ्चालनमा राजनीतिक सोच भन्दा एक कदम माथि उठेर उद्योग सञ्चालन एवम् व्यवस्थापनमा राम्रो ज्ञान भएका, स्थानीय बजारको समेत ज्ञान भएकाहरुबाट उद्योग सञ्चालनको खाकासहित उद्योग सञ्चालनको जिम्मा दिने हो भने उद्योगले छोटो समयमा नै कायापलट गर्ने देखिन्छ। त्यसैले समयमा नै उचित निर्णय गर्न सक्ने विभिन्न निजी उद्योगहरुमा व्यवस्थापकीय जिम्मेवारी समेत निर्वाह गरिसकेका स्थानीय युवालाई मैका दिन सके डुब्दै गरेको हेटौँडा सिमेन्ट उद्योग बचाउन सकिने विश्वास अझै जिवितै रहेको छ ।

# बिर्सिने रोग ‘अल्जाइमर’ महिलालाई किन बढी देखिन्छ ?



**प्रा. डा. राजीव झा**
**स्नायु, नसा तथा मेरुदण्डरोग विशेषज्ञ**

कतिपय वृद्धको व्यवहार बच्चाको जस्तै हुन्छन् । उनीहरुलाई पहिलेका कुरा मात्र होइन । दैनिक भइरहेको गतिविधिबारे पनि पत्तो हुँदैन । यस्तो अवस्थालाई बुढेसकाल लागेको भनेर भन्ने गरिन्छ ।

### के यो बुढेसकालको संकेत मात्र हो ? यस्तो किन हुन्छ ?

विज्ञानले यस्तो समस्यालाई ‘अल्जाइमर’ नाम दिएको छ । अल्जाइमर एक गम्भीर स्नायु रोग हो। जसले विस्तारै व्यक्तिको स्मरण शक्ति, सोच्ने क्षमता र साधारण कार्यहरू गर्ने क्षमतालाई नष्ट पार्दै लान्छ । मुख्यत: यो समस्याले ६० वर्षभन्दा माथिका व्यक्तिहरूलाई असर गर्छ ।

महिला र पुरुष दुवैमा देखिने भए पनि सबैभन्दा बढी यो समस्याले महिलालाई पिरोल्छ । अल्जाइमर्स सोसाईटीका अनुसार विश्वभर अल्जाइमर रोगबाट पीडित दुई तिहाइ महिला छन् ।

### महिलालाई नै यो रोगले बढी किन सताउँछ त ?

महिलाहरूको प्रतिरक्षा प्रतिक्रिया, हर्मोनल चक्र र अन्य धेरै कारकहरूमा पुरुषको भन्दा बढी भिन्न हुने भएकोले केही स्नायु सम्बन्धी रोगको उच्च जोखिम पुरुषको तुलनामा महिलामा बढी देखिन्छ । ती रोग मध्ये एक हो, अल्जाइमर ।

### हर्मोनल परिवर्तन प्रमुख कारक

पुरुषको तुलनामा महिलाहरु हर्मोनल परिवर्तनको लागि बढी संवेदनशील हुन्छन् । हर्मोनल उतारचढावले स्नायु सम्बन्धी समस्यालाई बढावा दिन्छ। महिलाहरूमा एस्ट्रोजेन हर्मोनको स्तर धेरै पटक परिवर्तन हुन्छ । जुन भविष्यमा अल्जाइमरको कारक बन्न सक्छ ।

उदाहरणका लागि महिनावारी, गर्भावस्था वा रजोनिवृत्तिको समयमा । यही धेरै उतार चढावले पनि स्नायुको काम गर्ने प्रणाली असर पार्छ । महिलाको यौन तथा प्रजनन विकासमा एस्ट्रोजेन हर्मोनले महत्त्वपूर्ण भूमिका खेल्छ । यसले मस्तिष्क, हड्डी, छाला, कपाल र अन्य अंगहरूलाई पनि असर गर्छ ।

विशेषगरी ५० देखि ५५ वर्षको उमेरमा महिलामा हुने रजोनिवृत्ति पछि स्नायु समस्याहरू हुन सक्छन । किनभने एस्ट्रोजेन हार्मोनले शरीरलाई अल्जाइमर रोगको प्रभावबाट बचाउँछ ।

यद्यपि, रजोनिवृत्ति पछि एस्ट्रोजनको स्तर घट्ने कारणले पुरुषहरूको तुलनामा महिलाहरूमा यो रोगको जोखिम बढी हुन्छ । डिप्रेसन, खानपान गतिलो नहुनु र अनिद्राको उच्च दरले यो बढ्दो जोखिममा योगदान पुऱ्याउँछ ।

अर्को कारण भनेको उमेर पनि हो । जति उमेर बढ्दै गयो । त्यति हाम्रो शरीरको अंग र त्यसले काम गर्ने क्षमता गुमाउँछ । यस्तोमा पुरुषको दाँजोमा महिलाहरूको आयु लामो हुन्छ । लामो आयु हुने बित्तिकै वृद्ध उमेरमा अल्जाइमर्स हुने सम्भावना बढी हुन्छ ।

अल्जाइमर्स रोग देखा परेमा यसको लक्षणलाई नियन्त्रण मात्र गर्न सकिन्छ । किनकि विज्ञानले यो समस्याको उपचार पत्ता लगाइसकेको छैन ।

### नियन्त्रण कसरी हुन्छ ?

अल्जाइमर जस्ता स्नायु रोगको व्यवस्थापनको लागि सन्तुलित आहार सेवन गर्नु सबैभन्दा महत्वपूर्ण छ । पातदार तरकारी, माछा मासु, बदाम र एन्टिअक्सिडेन्टले भरिपूर्ण खानेकुराहरू बढी खानुपर्छ ।

लक्षण नियन्त्रण गर्ने औषधि नछुटाइ खानुपर्छ । यसबाहेक शारीरिक गतिविधि भइरहनु पर्छ। त्यसको लागि हल्का खालका व्यायाम, नियमित योग गर्ने बानी विकास गर्नु पर्छ । यसले मस्तिष्कमा रक्तसञ्चार सुधार गरी यो समस्याको लक्षणमा सुधार ल्याउँछ ।

व्यायामले रोग नभएकाहरुलाई पनि स्नायु सम्बन्धी रोगको जोखिम कम गर्न मद्दत गर्छ । तनाव व्यवस्थापन, पर्याप्त निद्रा, दिर्घ रोग मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा हुन पनि आवश्यक छ । मदिराले पनि यो रोगको जोखिमलाई बढावा दिने हुँदा यसबाट सकेसम्म टाढा बस्नु उचित हुन्छ ।

*(स्रोत: अनलाईनखबर)*

# वादविवादमा सुरुचि, वक्तृत्वकलामा दिव्यान्सु प्रथम




*प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीसहित अतिथिहरु ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकाको ४ नम्बर वडाले आयोजना गरेको एक महिना लामो खेलकुद प्रतियोगिताअन्तर्गत सोमबार वडास्तरीय वादविवाद प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । वडाको शैक्षिक गुणस्तर सुधार समितिको संयोजकत्व एवम् हेटौँडा-४ स्थित सत्यम् जेभियर्स माध्यमिक विद्यालयको व्यवस्थापनमा वादविवाद प्रतियोगिता भएको हो भने वक्तृत्वकला प्रतियोगिता आधुनिक राष्ट्रिय माविले व्यवस्थापन गरेको थियो ।

'नेपालको सन्दर्भमा विश्वव्यापीकरण, वरदान कि अभिसाप ?' विषयक वावदविवाद प्रतियोगितामा सत्यम् जेभियर्स माध्यमिक विद्यालयकी सुरुचि तिमल्सिना प्रथम, ब्रह्मदिक एकेडेमीकी स्तुति गुरागाईं द्वितीय र नवोदय शिशु सदनकी शिक्षा भुषाल तृतीय भएका छन् । प्रतियोगितामा ४ नम्बर वडाका ६ वटा विद्यालयबाट १२ जना विद्यार्थी सहभागी भएका थिए । शैक्षिक गुणस्तर सुधार समिति हेटौँडा-४ का अध्यक्ष श्रीराम दहालको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको हो ।

यस्तै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा भएको वडास्तरीय वक्तृत्वकला प्रतियोगितामा ब्रह्मदिक् एकेडेमीकी छात्रा दिव्यान्सु शाही प्रथम हुनुभएको छ । वडा शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दाहालकाअनुसार आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयकी छात्रा उत्कृष्टी सिम्खडा द्वितीय र ब्रह्मदिक् एकेडेमीकी छात्रा प्रियान्सु पोखरेल तृतीय हुन सफल भएको छ । वक्तृत्वकला प्रतियोगितामा ७ वटा विद्यालयका विद्यार्थी सहभागी थिए ।

# हेटौँडामा तामाङ साँस्कृतिक महोत्सव हुने

समाज संवाददाता

हेटौंडा : हेटौंडामा तामाङ साँस्कृतिक महोत्सव-२०८१ हुने भएको छ । नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरले आज बिहान पत्रकार सम्मेलनमार्फत "ह्याङलान काअीरन ह्याङलान काअी- जम्बुलिङरी छार्ना लाअी" भन्ने उद्देश्यले २८६१ डुल सा पुखी ल्हो (सर्प वर्ग) सोनाम ल्होछारको अवसरमा हेटौँडा-१०, टिसिएन चौरमा आउँदो बिहीबार महोत्सव आयोजना गर्न लागेको जानकारी दिएको छ ।

निर्माणाधिन तामाङ संग्रहालय भवन निर्माण सहयोगार्थ महोत्सवमा लामा, बोम्बो, ताम्बा डम्फुरे सहितको र्‍याली तथा झाँकी प्रदर्शन, शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम हुने बताइएको छ । मकवानपुरे तामाङ कलाकारहरुको प्रस्तुती र तामाङ मौलिक भेषभुषा तथा खानाका परिकारहरु प्रदर्शन हुने नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति मकवानपुरका सचिव किरनमान बलले जानकारी दिनुभयो ।

मकवानपुर तामाङ कलाकार संघ मकवानपुरको सहआयोजनामा महोत्सव हुन लागेको हो । महोत्सवमा कलाकारहरु अभि लामा, अनिता गोले, अनराज तामाङ, विक्रम लुङ्वा, सुजना रुम्बा, साम्तेन मोक्तान, केशर मोक्तान, आशाराम थिङ, बिरु घलान, बालिका तामाङ, अनिता मुक्तान, प्रतिमा घलान, सुरक्षा तामाङ, प्रेमा लोप्चन कलाकारको महोत्सवमा प्रस्तुति रहने उहाँले बताउनुभयो ।

## सरकारलाई गैससकर्मीको ध्यानाकर्षण

# विवाहको उमेर २० वर्ष नै ठिक

समाज संवाददाता

हेटौंडा : मकवानपुरका क्रियाशील गैससकर्मीले विवाहको उमेर २० वर्ष नै कायम राख्न सरकारलाई ध्यानाकर्षण गराएको छ । सोमबार मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत संघीय सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

संसदको कानुन न्याय तथा मानव अधिकार समितिले गठन गरेको उपसमितिले गत माघ २ गते बिवाहको उमेर १८ वर्षमा झार्न सुझाव दिएपछि मकवानपुरका गैससकर्मीले संघीय सरकारलाई ध्यानाकर्षण गराएको हो । विवाहको उमेर २० वर्षबाट नघटाउन उनीहरुले ध्यानाकर्षण गराएका हुन् । प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई पत्र बुझाइएको बाल कल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले जानकारी दिनुभयो । विभिन्न अध्ययन, अनुसन्धानबाट बालबालिकाको शिक्षा, स्वास्थ्य, शारीरिक अवस्था, मानसिक परिपक्वतालगायत दृष्टिले विवाहको उमेर २० वर्ष कायम गरी नीति, नियम र ऐन कानुनहरु तय गरिएको उहाँको भनाइ छ । कम उमेरमा बिबाह हुँदा छिटो गर्भवती हुने र आमा र शिशु दुबैको स्वास्थ्यमा गम्भीर जोखिम पुग्नसक्ने उहाँले जानकारी दिनुभयो ।

बालबिबाहका कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरु देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप जोखिमहरुले बालबालिका र महिलाहरु थप प्रभावित हुन पुग्ने उहाँले बताउनुभयो । ध्यानाकर्षणपत्र बुझाउन गैससकर्मीहरु आरती पाठक, शर्मिला श्रेष्ठ, सुनिरा लामा, प्रकाश खतिवडा, कुमारी वाईवा, माया लामा, सीता गुरुङ, डिकम्बर रुपाचा, दीपा गुरुङ, सुमित्रा घलान, थापाबहादुर दोङ र मुकेश कुशवाह सहभागी हुनुहुन्थ्यो ।




## प्रदेशस्तरीय शैक्षिक प्रदर्शनीमा काभ्रेको सेतीदेवी प्रथम

# मकवानपुरको कालिका मावि सूचिको अन्तिममा



*शैक्षिक प्रदर्शनीमा प्रथम स्थान हासिल गर्ने सेतीदेवी माध्यमिक विद्यालयका विद्यार्थीलाई पुरस्कृत गर्नुहुँदै मन्त्री हरिप्रभा खड्गी ।*

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशस्तरीय शैक्षिक प्रदर्शनीमा काभ्रेपलान्चोक जिल्लाको सेतीदेवी माध्यमिक विद्यालय प्रथम भएको छ । सोमबार हेटौंडाको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा प्रतियोगितात्मक शैक्षिक सामग्री प्रदर्शनी भएको हो ।

शिक्षा विकास निर्देशनालय, बागमतीको आयोजनामा भएको प्रदर्शनीमा चितवनको सैनिक आवासीय महाविद्यालय द्वितीय र सिन्धुपाल्चोकको कृष्णरत्न गंगा माध्यमिक विद्यालय तृतीय भएको छ । प्रदर्शनीमा धादिङको पासाङचोक महादेव सान्त्वना भएको शिक्षा विकास निर्देशनालयका सूचना अधिकारी घनश्याम खनालले जानकारी दिनुभयो । १०० पूर्णाङ्कमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यालयले क्रमशः ७८.७५, ७५.२५, ७४ र ६२.७५ अंक हासिल गरेका थिए ।

प्रदर्शनीको केशव तिमल्सिना, लोकराज शर्मा र विनोद शर्माले मूल्यांकन गर्नुभएको थियो । प्रदर्शनीमा विद्यालयले विज्ञान, गणित, सामाजिक, नेपाली र अंग्रेजी विषयका शैक्षिक सामग्री प्रदर्शन गरिएको थियो । बागमती प्रदेशका १३ वटै जिल्लाका जिल्लास्तरीय शैक्षिक प्रदर्शनीमा उत्कृष्ट विद्यालयले प्रदेशस्तरीय प्रदर्शनीमा सहभागिता जनाएको हो । सहभागी विद्यालयबाट छात्र-छात्रा एक-एक जना र एक जना मेन्टर शिक्षकको सहभागिता रहेको थियो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई क्रमशः ३० हजार, २५ हजार, १५ हजार नगद पुरस्कार प्रदान गरिएको छ । प्रतियोगितामा सहभागी विद्यालयलाई प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा पालिकामा प्रथम हुँदै जिल्ला र जिल्लामा पनि प्रथम हुने माध्यमिक तहका विद्यालयहरुको सहभागिता थियो ।

प्रतियोगितामा मकवानपुरको प्रतिनिधित्व गरेको कालिका मावि तालिकको पुछार अर्थात् १३औं स्थानमा रह्यो । कालिका माविले ५५ अंक मात्रै प्राप्त गरेको थियो । एक शिक्षकका अनुसार शैक्षिक प्रदर्शनीमा मकवानपुरको प्रतिनिधित्व गरेको विद्यालयले असाध्यै कमजोर प्रस्तुती गरेको थियो । शिक्षा विकास निर्देशनालयका महानिर्देशक खुविराम अधिकारीको सभाअध्यक्ष तथा प्रदेशको सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

# 'लखन थापाको योगदानलाई बिर्सन हुन्न'

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले प्रथम सहिद लखन थापाको बलिदानीपूर्ण संघर्ष र योगदानलाई बिर्सन नहुने बताउनुभएको छ । सहिद सप्ताह-२०८१ का अवसरमा सोमबार हेटौंडा-१२ स्थित प्रथम सहिद लखन थापा मगर स्मृति वाटिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले लखन थापाले देश र जनताका लागि गरेको योगदानलाई अझ व्यापक बनाउन जरुरी रहेको बताउनुभयो ।

उहाँले नेपाली जनता माथि जबर्जस्त थोपरिएको क्रुर एवम् निरंकुश जहाँनीया राणा शासनको अन्त्य गरी नेपाली जनताको मुक्तिका लागि र जनताको शासन व्यवस्था स्थापनाका लागि थापाको योगदान रहेको बताउनुभयो । उहाँले राणा विरुद्ध पहिलो बिगुल फुक्ने सहिद लखन थापाले विचार अहिले पनि सान्दर्भिक भएको उल्लेख गर्नुहुँदै यसलाई व्यापक बनाउन जरुरी रहेको बताउनुभयो । उहाँले अहिले जहाँ जो मरे पनि सहिद घोषणा गरिनाले देश र जनताका लागि लड्ने वास्तविक सहिदको अवमूल्यन भएको बताउनुभयो ।

कार्यक्रममा प्रथम सहिद लखन थापाको प्रतिमामा माल्यार्पण गरिएको थियो । लखन वाटिकाकी सल्लाहकार बेली थापाले प्रथम सहिद लखन थापाको बारेमा चर्चा गर्नु भएको थियो । प्रथम सहिद लखन थापा मगर स्मृति वाटिकाका अध्यक्ष विश्वकुमार आलेको सभाध्यक्षतामा भएको कार्यक्रममा स्मारक विकास समितिका सचिव रघुनाथ खुलाल, हेटौंडा-८ का पूर्व अध्यक्ष गोपाल बहादुर श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । सहिद सप्ताह-२०८१ का अवसरमा सहिद स्मरक विकास समितिले हरेक वर्ष झै यो वर्ष पनि माघ १० गतेदेखि १६ गतेसम्म सहिदहरुको सम्झनामा विविध कार्यक्रम आयोजना गरेर छ ।



# राक्सिराङ्गमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सुरु



*राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा सहभागी अतिथिहरु ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुरको राक्सिराङ्ग गाउँपालिकामा राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सुरु भएको छ । सोमबार सुरु भएको प्रतियोगिता मंगलबारसम्म सञ्चालन हुनेछ ।

राक्सिराङ गाउँपालिका-३, पलाँसेस्थित सूर्योदय माध्यमिक विद्यालयको खेल मैदानमा सोमबार गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको थियो । राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता आयोजक समितिका संयोजक गाउँपालिकाका उपाध्यक्ष वनस्थम थिङको अध्यक्षतामा उद्घाटन समारोह भएको हो । प्रतियोगितामा र ाक्सिराङ्ग गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालय र ३ वटा आधारभूत विद्यालयका एक सय भन्दा बढी विद्यार्थी सहभागी रहेको शिक्षा अधिकृत पंकश थारुले जानकारी दिनुभयो ।

साविक विजेता सूर्योदय माध्यमिक विद्यालयको आतिथ्यमा प्रतियोगिता आयोजना भएको हो । प्रतियोगितामा एथ्लेटिक्स, भलिबल, कबड्डी लगायतका खेल समावेश गरिएको छ । पालिकास्तरीय प्रतियोगितामा छनोट भएका खेलाडीहरु जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुनेछन् । ५२ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय रहेको राक्सिराङ्ग गाउँपालिकामा ५ हजार भन्दा बढी विद्यार्थी विद्यालय तहमा अध्ययनरत छन् ।

## राष्ट्रिय बुद्धिचाल प्रतियोगिता

# पूर्व नेपाल च्याम्पियन रुपेशको एकल अग्रता

समाज संवाददाता

हेटौंडाः नेपाल बुद्धिचाल महासंघको आयोजनामा हेटौंडामा जारी २५ औं पुरुष तथा १० औं महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा तेस्रो चरणको खेल सम्पन्न भएको छ । सोमबार तेस्रो चरणको खेल सम्पन्न हुँदा एफएम खेलाडी रुपेश जयसवालले आफ्नो अग्रता कायम गर्न सफल भएका छन् ।

पूर्व नेपाल च्याम्पियनसमेत रहेका जयसवालले ३ अंक जोड्दै राष्ट्रिय च्याम्पियनको दावी पेश गरेका छन् । रौतहट जिल्लाका २०९३ रेटेड जयसवालले ललितपुर जिल्लाका १९५२ रेटेड सुरोज महर्जन, झापाका २०२१ रेटेड शुश्रुत दहाल, काठमाडौंका १८८२ रेटेड प्रेमकृष्ण महर्जनलाई पराजित गर्न सफल भएको बुद्धिचाल महासंघका केन्द्रीय महासचिव धरमबहादुर लामाले जानकारी दिनुभएको छ ।

दोलखाका आशीष फुँयालले पनि अपराजित २.५ अंक बनाउँदै प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गरेका छन् । दोश्रो स्थानका १९८१ रेटेड खेलाडी आशीषले काठमाडौंका २०१६ रेटेड एफएम रिजेन्द्र राजभण्डारी र भक्तपुरका १६८७ रेटेड विनय थापालाई हराएका छन् । उनले २०४५ रेटेड पुरुषोत्तम सिलवालसँग बराबरी खेलेका हुन् ।

प्रतियोगितामा काभ्रेका २०७० रेटेड एफएम क्षितिज भण्डारी र धैर्यवान खेलाडी प्रेमकृष्ण महर्जन दुबैले समान २-२ अंक प्राप्त गर्दै संयुक्त तेस्रो स्थानमा पर्न सफल भएका छन् । यस्तै, झापाका शुश्रुत दहाल, वर्तमान नेपाल च्याम्पियन १९८२ रेटेड राजन सुवेदी र काठमाडौंका सिएम नवीन तण्डुकारले समान १.५ अंक हासिल गरेका छन् । सुनसरीका १८७८ रेटेड धिरेन राई, युवा पुरुषोत्तम सिलवाल, सुरोज महर्जन, रिजेन्द्र राजभण्डारीले १ अंकको खाता खोलेका छन् । विनय थापा भने अंकबिहीन छन् । नेपाल बुद्धिचाल महासंघले राष्ट्रिय स्पर्धाका शीर्ष ३ जना र राष्ट्रिय प्रतियोगिता 'बी'बाट ९ जना खेलाडी छनौट गरी १२ जनाबिच ११ चरणको राउण्ड रोविन सिनियर राष्ट्रिय प्रतियोगिता सञ्चालन गरेको महासचिव लामाले बताउनुभयो ।

महिलातर्फको प्रतिस्पर्धामा काठमाडौंका सिन्दारा जोशी र ललितपुरका एञ्जल महर्जनले सबै खेल जितेर संयुक्त अग्रस्थान हासिल गरेका छन् । वर्तमान महिला राष्ट्रिय च्याम्पियन सिन्दिराले काठमाडौंका निहाना श्रेष्ठ, रुकुमका नयुमा मगर र चितवनका लक्ष्मी कँडेलमाथि जीत दर्ता गरेकी छिन् । एञ्जलले ओलम्पियाड खेलाडी शान्ति धिमाल, निहाना श्रेष्ठ र नयुमा मगरलाई हराएकी हुन् । झापाका पुनम प्रसाईं, ताप्लेजुङका सुशीला गुरुङ, मोरङका शान्ति धिमाल, बाँकेका इशा गिरी, झापाका कृतिसारा अधिकारी र काठमाडौंका बिनिता कपाली सबैले समान २-२ अंक जोडेर संयुक्त दोश्रो स्थान ओगटेका छन् ।

बुद्धिचाल महासंघका केन्द्रीय अध्यक्ष हीराकाजी महर्जनको सभाध्यक्ष तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन गरिएको छ । मन्त्री महर्जनले इन्डोर खेलहरुमा सबैभन्दा उत्कृष्ट खेलमा बुद्धिचाल पर्ने बताउनुभएको छ । बुद्धिचाल खेलले मानिसको मानसिक विकास गर्न मद्दत गर्ने उहाँले बताउनुभयो । बुद्धिचालको प्रवर्द्धन गर्न बागमती प्रदेश सरकार योजनात्मक ढंगबाट अगाडि बढ्न आवश्यक रहेको उहाँले बताउनुभयो । बुद्धिचाल खेललाई प्रभावकारीरुपमा लैजानका लागि ठूला पूर्वाधारको आवश्यक नपर्ने भएकाले थोरै लगानीमा पनि यसको विकास गर्न सकिने उहाँको भनाइ छ ।

बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले बुद्धिचाल खेल नेपालमा सम्भावना भएको खेलमा पर्ने बताउनुभयो । बुद्धिचाल खेलले पाउनुपर्ने प्राथमिकता नपाएको उहाँले बताउनुभयो । हरेक खेल जस्तै बुद्धिचालको विकास गर्नका लागि उचित वातावरण बनाउनुपर्ने उहाँले धारणा राख्नुभयो । राज्यले अन्य खेल जस्तै बुद्धिचाल खेललाई प्राथमिकता नदिएको उहाँले बताउनुभयो । विद्यालयस्तरबाट नै चेसको महत्वबारेमा बुझाउन सके यसको आकर्षण बढ्ने उहाँको धारणा छ । आगामी वर्षबाट बुद्धिचालका लागि १० लाख रुपैयाँ बजेट छुट्याउने उहाँले विश्वास दिलाउनुभयो ।

बागमती प्रदेशसभा सदस्य रघुनाथ महर्जनले खेलाडीले खेलमा लागिरहने वातावरण निर्माण गर्ने बताउनुभयो । उद्घाटन कार्यक्रममा बुद्धिचाल महासंघका सह-महासचिव मोनालिसा खम्बू, कोषाध्यक्ष ताराबहादुर रानाभाट, प्रवक्ता राजु ताम्राकार, केन्द्रीय सदस्य रमिला पोखरेल, प्रमुख निर्णायक आईए यज्ञप्रसाद पन्तलगायतको उपस्थिति रहेको थियो ।

# कृषि अनुदानको प्रभावकारिताबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः कृषि अनुदानको प्रभावकारिता अध्ययन सम्बन्धमा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको छ । सोमबार ललितपुर जिल्लाको राष्ट्रिय समावेशी आयोग तथा जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको सभाध्यक्ष तथा राष्ट्रिय समावेशी आयोगका कार्यबाहक अध्यक्ष विष्णुमाया ओझाको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले कृषि सामग्रीहरु भारतबाट आयात हुने गरेको भन्दै स्वदेशमै किन उत्पादन हुन नसकेको भन्ने बुझ्न आवश्यक रहेको बताउनुभयो । स्रोत व्यवस्थापन गर्नका लागि संघीय निकायले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो । किसानको श्रमको अवस्थालाई बुझ्न आवश्यक रहेको उहाँको भनाइ छ ।

कार्यक्रममा हेटौंडा-९ का वडा सदस्य विष्णु राना मगरले २१ औं शताब्दीसम्म पनि किसानहरु उभो नलागेको बताउनुभएको छ । बजारको सुनिश्चिता नभएका कारण प्रतिशतको हिसाबले पैसा खाने अवस्था रहेको उहाँले बताउनुभयो । राज्यले कृषिको विकास सुनिश्चित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

कृषकलाई मल र बिउ सुनिश्चित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । कृषकहरुका लागि सहुलियत ऋण दिलाउन राज्यले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो । राज्यले कृषि बजारीकरण तथा अनुदानको मापदण्ड बनाउन राज्यले सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले ठूलो अनुदान वितरणमा समस्या रहेको औंल्याउनुभयो । व्यक्तिलाई हेरेर पनि अनुदानको मापदण्ड निर्धारण हुने गरेको उहाँले बताउनुभयो । बिचौलियालाई अन्त्य गरेर किसान आफैं अगाडि बढ्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

सरकारी सेवामा आरक्षण प्रणाली सुधार, ज्येष्ठ नागरिकको हकहित अभिवृद्धि, अपाङ्गता भएका नागरिकको हकहित अभिवृद्धि, श्रमिकको हकहित अभिवृद्धि, कृषकहरुको हकहित अभिवृद्धि र लोपोन्मुख तथा अल्पसंख्यक जातिहरुको हकहित अभिवृद्धि जस्ता महत्वपूर्ण विषयमा सुधार गर्न राज्यलाई आयोगले सिफारिस गरेको कार्यक्रममा जानकारी गराइएको छ । कृषिमा युवावर्ग आकर्षित नहुनुका कारण लगानी र प्रतिफल जोखिमका साथै सामाजिक सम्मानको अभाव भएको औंल्याइएको छ । कृषिमा युवालाई आकर्षित गर्न खेती गर्ने युवालाई सामाजिक सम्मान गर्नुपर्ने, किसानका छोराछोरीलाई उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्नुपर्ने, हरेक सरकारी कार्यालयमा किसानको कामलाई पहिलो प्राथमिकतामा राखी सेवा दिने व्यवस्था गर्नुपर्ने, किसानको परिवारलाई सहुलियतपूर्ण र सरल उपचार व्यवस्था गर्नुपर्ने र किसानलाई योगदानमा आधारित निवृत्तिभरण व्यवस्था गर्नुपर्ने बताइएको छ ।

कृषि भनेको सामान्य खेतीपाती गर्नुमात्र नभर आम नागरिकको खाद्य सुरक्षा, राष्ट्रिय सुरक्षा, सार्वभौमिकता र स्वाधीनतासँग जोडिएको विषय भएकाले युवालाई यसमा आकर्षण गर्न आवश्यक रहेको बताइएको छ । विश्वमा कृषि उत्पादन, बजारीकरण, खाद्य तथा पोषण सुरक्षा मानिसको पेशा अथवा जीविकोपार्जनको माध्यममात्र नरहेर भूराजनीतिको रणनीतिक अस्त्रको रुपमा विकसित हुँदै गएको बताइएको छ ।

श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिको

२१औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस समितिको मिति २०८०/१०/१२ गतेका दिन बसेको व्यवस्थापन समितिको बैठकको निणर्यानुसार २१औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गरी निर्णय लिन निम्न मिति, स्थान र समयमा बोलाउने निर्णय भएको सहर्ष जानकारी गराउँदै सम्पूर्ण आजीवन सदस्य ज्यूहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभामा प्रस्तुत हुने छलफलका विषयहरु :**

१. समितिका तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. कोषाध्यक्षज्युद्वारा प्रस्तुत हुने लेखापरीक्षण तथा आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
३. विधान संशोधन उपसमितिले प्रस्तुत गरेको विधान संशोधन प्रस्ताव छलफल गरी परित गर्ने ।
४. आ.ब. २०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको परिश्रमिक निर्धारण गर्ने ।
५. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने ।

**कार्यक्रमः**
मिति : २०८१/११/०३ गते शनिबार
स्थान : भूटनदेवी मन्दिरको सभाहल
समय : विहान ११:०० बजे

**सम्पर्क नं.**
९८५५०७१७७७ (अध्यक्षः राममान श्रेष्ठ)
९८५५०६७०९९ (उपाध्यक्षः उत्तम शर्मा ढकाल)
९८४५०२८६२५ (सचिवः सञ्जय श्रेष्ठ)

**श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति**
**हेटौंडा-१०, मकवानपुर**

हेटौंडा उपमहानगरपालिका
११ नम्बर वडा कार्यालयको

**सूचना**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमरमै विवाह गर्नु/गराउनु अवराध हो । बाल बिवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनको कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको व्यवस्था बमोजिम बिवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी बिवाह गर्न वा गराउनु हुँदैन यदी गर्ने वा गराउने गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैंयासम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।

**बालबालिकालाई बिवाह होइन, शिक्षा प्रदान गरौं।**
**जुना दाहाल**
**वडा अध्यक्ष तथा**
**११ नं. वडा कार्यालय परिवार**

**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरीर सुन्निने,ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखापरे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै संक्रामक रोग भएकाले संक्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना बस्ती र सहरी क्षेत्रमा यसको संक्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**रोजगारीको अवसर**

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ